| **प्रोपाइटर/जमानतकर्ता**<br>नाम : सुशिला देवी कोच<br>बावुको नाम : बाना लाल काहार<br>पतिको नाम : अनन्त कोच<br>ठेगाना : झापा गा.पा. २, झापा<br>[redacted] | **जमानतकर्ता**<br>नाम : **अनन्त कोच**<br>बावुको नाम : जितु कोच काहार<br>बाजेको नाम : थालु कोच<br>[redacted] |

[redacted]



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस [redacted]
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पाद [redacted]
■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री [redacted]

पूर्वाञ्चल

## सम्पादकीय

### आत्मनिर्भरताको सवाल

**कृषि उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन गर्ने सरकारको नारा सधैँ नारामै सीमित हुने गरेको छ । देशको भूगोल, हावापानी, माटो र वातावरणका आधारमा कृषि कर्म नै नेपालको समृद्धिको निर्विकल्प आधार हो । त्यसैले राज्यले कृषि कर्म गर्ने किसानलाई उत्प्रेरित गर्ने नीति र कार्यक्रम ल्याउनुपर्छ । सँगसँगै कृषकलाई सहुलियत, अनुदान, प्रोत्साहन, उत्पादित वस्तुको मूल्य र बजारीकरणमा यथोचित सहयोग गर्नुपर्छ । त्यसो भए मात्र खाद्य वस्तु निर्यातक प्रमुख राष्ट्रको सूचीमा नेपाललाई पुनर्स्थापित गर्न सकिन्छ । सरकारले उत्पादन प्रवर्द्धन गर्न भन्दै विभिन्न कार्यक्रमहरु सञ्चालन पनि गरेको छ, तर त्यसले अपेक्षित लाभ हुन सकेन ।**

**कृषि उत्पादन वृद्धि गरेर खाद्यान्नमा आत्मनिर्भर बनाउनु अहिलेको प्रमुख आवश्यकता हो । त्यसका लागि पूर्वाधार तयार गर्ने काम सरकारको हो । यतिबेला तीन तहको सरकार पनि छ । तिनले उत्पादन प्रवर्द्धन सम्बन्धी नीति, योजना र कार्यक्रम बनाएर सरल ढंगले किसानको पहुँच हुनसक्ने व्यवस्था गर्नुपर्छ । कृषि क्षेत्रबाट आयातित व्यापार घटाउन धान, गहुँ, मकै, तरकारी र फलफूलको उत्पादन बढाउनुपर्छ । उत्पादन बढाउन जनशक्तिको व्यवस्थापनदेखि उन्नत बीऊ–बिजन, मलखाद, औषधि प्रविधि र प्राविधिकको समान तथा सर्वसुलभ प्रबन्ध गर्नुपर्छ । यसको दायित्व पनि तिनै सरकारहरुको हो । विगतमा खेतीको समयमा मलखाद नै नपाइएको उदाहरण छ । त्यस्तोमा राज्य साँच्चै नै उत्पादन वृद्धि गर्न गम्भीर छ भने विद्यमान समस्याहरुको तत्काल समाधान खोज्नु पर्छ ।**

**यही समय कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले यो वर्ष मल अभाव नहुने दावी गरेको छ । गत वर्षको अवस्थालाई मध्यनजर गर्दै आवश्यक मलखादको व्यवस्थापन गरिएको उसले जनाएको छ । किसानलाई आवश्यक पर्ने युरिया, डीएपी, पोटास लगायतका आवश्यक सामग्री भण्डारण भइसकेको र नपुग कृषि सामग्री र साल्ट ट्रेडिङ कम्पनीले ल्याउन लागेको मन्त्रालयले जनाएको छ । जल तथा मौसम विज्ञान विभागले यो वर्ष आवश्यक पानी पर्ने पूर्वानुमान गरिसकेको सन्दर्भमा अब मन्त्रालयले मौज्दात मलखाद जिल्ला–जिल्लामा पुऱ्याउनु पर्दछ । किसानलाई पेन्सन र ऋणभन्दा पनि मलखाद, बिउबिजनको उपलब्धता बढी आवश्यक हुन्छ । यद्यपि किसानलाई प्रोत्साहन दिने काम अनुचित होइन तर मलखाद सर्वाधिक महत्त्वको विषय हो । जबसम्म उत्पादन बढ्दैन तबसम्म कृषि वस्तुमा आत्मनिर्भरता आउँदैन । यसतर्फ सरकार बढी गम्भीर हुनुपर्छ ।**

# अर्थतन्त्र पुन:रुत्थानका लागि लगानीमैत्री बजेटको आवश्यकता



**चन्द्रप्रसाद ढकाल**

औद्योगिक उत्पादनमा कमी र लगानीकर्ताको विश्वासमा कमीका कारण नेपालमा आर्थिक शिथिलता गहिरिँदै गएको छ। माग र लगानीको कमीले उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन्। यसका पछाडि सरकार तथा उपभोक्ताको खर्च मुख्य रहेको छ। विशेषगरी कोभिड-१९ महामारी र त्यसयता लिइएका केही नीतिगत व्यवस्थाका कारण समस्या गहिरिएको हो। साथै देशबाट युवा वर्गको उच्च मात्रामा भइरहेको पलायनले पनि मुख्य भूमिका खेलेको छ भन्न सकिन्छ। कलकारखाना पूर्ण क्षमतामा नचल्दा रोजगारी र समग्र आर्थिक उत्पादकत्वमा प्रत्यक्ष असर परेको त स्पष्ट नै छ। चालू आर्थिक वर्ष २०८०/०८१ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा तीन दशमलव पाँच प्रतिशत र उत्पादकको मूल्यमा तीन दशमलव प्रतिशत हुने राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान रहेको छ।

आन्तरिक उपभोगमा मुख्य योगदान गर्ने मध्यम वर्गका युवाहरू रोजगारीको अवसरको खोजीमा विदेशिएका छन्। यसबाट स्थानीय श्रम बजारमा अवसर नै नभएको भन्ने नकारात्मक भाष्य समेत निर्माण भइरहेको छ। यहाँभन्दा थोरैमात्र बढी पारिश्रमिक पाउने कामका लागि समेत युवाहरू विदेशिइरहेको अवस्थामा आन्तरिक उद्योग-व्यवसायमा दक्ष तथा अर्धदक्ष श्रमिक/मजदुर नै नपाउने स्थिति बनिरहेको छ।

विदेशमा काम गर्ने नेपालीहरूको रेमिट्यान्सले विदेशी मुद्रा र घरायसी आम्दानीको महत्त्वपूर्ण स्रोत प्रदान गरिरहँदा बाह्य क्षेत्रले केही सकारात्मक सङ्केतहरू देखाएको छ। तर यसले बजारमा अपेक्षित उपभोग नबढ्दा समग्र व्यापार चक्रमा सुधार भएको छैन। नेपालको निर्यात आधार साँघुरो छ भने अन्तर्राष्ट्रिय बजारमा कडा प्रतिस्पर्धाको सामना गरिरहेको छ। सूचना प्रविधि क्षेत्रको सेवा व्यापार निर्यातमा केही सुधार देखिए पनि यसमा अझै नीतिगत अन्यौल देखिन्छ। यसरी समग्र व्यापार असन्तुलनले देशको समग्र औद्योगिक वातावरणमै असर पारिरहेको छ।

दोस्रो कुरा देशभित्र लगानीको स्तर घटेको छ। कुल गार्हस्थ्य उत्पादन (जीडीपी) र रोजगारीमा ठूलो योगदान दिने निजी क्षेत्र पनि यतिबेला विविध कारणले प्रभावित भएको अवस्था छ। निजी क्षेत्रको मनोबल घट्दै गइरहेको छ। अनिश्चित आर्थिक अवस्था र उच्च सञ्चालन लागतले व्यावसायिक आत्मविश्वासमा ह्रास ल्याएको छ। उता अप्रत्याशित आर्थिक वातावरण र बारम्बार भइरहने नीति परिवर्तनका कारण लगानीकर्ताहरू समेत दिल खोलेर लगानी गर्नुअघि धेरै पटक सोच्न थालेको अनुभव सुनाउन थालेका छन्। सरकारको राजस्व उठाउने क्षमता खुम्चिएको छ। सार्वजनिक खर्च कमजोर हुँदा त्यसले समग्र आर्थिक चक्रमै असर पारिरहेको छ। यी आन्तरिक तथा बाह्य कारणबाट उत्पन्न चुनौतीहरूलाई सम्बोधन नगरी अर्थतन्त्रलाई पुनःरुत्थान गर्न सम्भव छैन। त्यसैले यसका लागि नेपाल सरकारले बजेटमार्फत स्पष्ट प्रभावकारी नीतिहरू तर्जुमा गर्न आवश्यक देखिन्छ।

यी चुनौतीहरूलाई मध्यनजर गर्दै बजेटले लगानीका लागि अनुकूल वातावरण सिर्जना गर्ने, मागलाई प्रोत्साहन गर्ने र दिगो आर्थिक वृद्धि सुनिश्चित गर्नेतर्फ केन्द्रित हुनुपर्छ। नेपाल उद्योग वाणिज्य महासङ्घको ५७औँ वार्षिकोत्सवको उद्घाटन सत्रलाई सम्बोधन गर्दा तत्कालीन आर्थिक शिथिलताबाट बाहिर निस्कन मैले अहिलेका लागि मुख्यतया यी पाँच वटा विषय उठाएको थिएँ।

पहिलो- वर्तमान आर्थिक सङ्कट समाधानको रणनीति तयार गर्ने,

दोस्रो- लगानीको वातावरण बनाउने,

तेस्रो- राज्य र निजी क्षेत्रबीचको साझेदारी सुदृढ गर्ने,

चौथो- दक्ष जनशक्ति उत्पादन र रोजगारी सृजना गर्ने र

पाँचौँ- व्यवसायीहरुको मनोबल उच्च बनाउन राज्यको मर्यादाक्रममा निजी क्षेत्रको स्थान निर्धारण गर्ने।

वास्तवमा हामीले यिनै विषयहरुमा नै निरन्तर रुपमा पैरवी गर्दै आएका पनि छौँ। बागलुङको ढोरपाटनमा सम्पन्न महासङ्घको तेस्रो कार्यकारिणी समितिको बैठकले तत्कालीन आर्थिक समस्याको समाधानको लागि राष्ट्रिय आर्थिक बहसको आयोजना गर्ने निर्णय गरेका थियौँ र त्यसलगत्तै असोजको तेस्रो साता काठमाडौँमा आयोजना पनि गऱ्यौँ। अर्थतन्त्रका सबै सरोकारवालाहरुको उपस्थितिमा गरिएको सो राष्ट्रिय आर्थिक बहसको निचोड पनि अर्थतन्त्र अप्ठेरो अवस्थामा रहेकाले सरकार र सरोकारवाला निकायबाट यथोचित नीति अख्तियार होस् र आर्थिक एजेण्डामा सबैको मतैक्य होस् भन्ने नै थियो।

त्यसपछि सरकारले पनि हाम्रो यही एजेण्डामा सहमत हुँदै सर्वदलीय आर्थिक बहसको आयोजना गऱ्यो र त्यसमा प्रधानमन्त्रीले मुलुकका उद्योगी, व्यवसायी एवं समग्र निजी क्षेत्रका प्रतिनिधिहरुसँग उनीहरुको आवाज र आवश्यकता पनि सुन्नुभएको थियो। यसरी निजी क्षेत्रले रोगको पहिचान गरेर त्यसको निदानका लागि आवश्यक औषधि पनि सिफारिस गरेकाले विस्तारै निजी क्षेत्रको आवाज राज्यले सुन्न थालेको महसुस पनि भएको छ। नेपाल राष्ट्र बैंकले बैंक दर, नीतिगत दर सहजीकरण गर्दै बैंकको ब्याजदर घटाउँदै पनि आएको छ। अर्थ मन्त्रलयले हामीसँग निरन्तर छलफल अघि बढाएको छ। लगानी सम्मेलनको मुखैमा भएका केही कानुनको संशोधन र द्विपक्षीय लगानी सम्झौताको खाकाको अनुमोदनलाई यसको उदाहरणका रुपमा पनि लिन सकिन्छ।

**आर्थिक पुनःरुत्थान, बजेटको रुझान**

नीतिगत स्थिरता आर्थिक वृद्धि र विकासको आधारशीला हो। नेपालमा लगानी आकर्षित गर्न, व्यवसायिक आत्मविश्वास बढाउन र दिगो आर्थिक गतिविधिहरू सुनिश्चित गर्न स्थिर नीतिगत वातावरण कायम गर्नु आवश्यक छ। बारम्बार नीति परिवर्तन वा असङ्गत नियामक ढाँचाले अनिश्चितता सिर्जना गरिरहेको छ। जसले समग्र आर्थिक वृद्धि मै असर पारिरहेको छ।

नीतिगत स्थिरतामा लगानीकर्ताको विश्वास निर्भर हुन्छ। जब नीतिहरू स्थिर हुन्छन्, लगानीकर्ताले अधिक निश्चितताका साथ योजना बनाउन सक्छन्। यो आत्मविश्वासले लगानीकर्तालाई नयाँ परियोजनाहरूमा पुँजी जुटाउन र हाल सञ्चालनमा रहेका उद्योग-व्यावसाय विस्तार गर्न प्रोत्साहित गर्छ। अनुकूल व्यावसायिक वातावरण सिर्जना गर्न समयानुकूल आर्थिक सुधारका कार्यक्रममा ध्यान दिनुपर्ने अवस्था छ। यसका लागि आउँदो बजेटमार्फत नयाँ चरणको आर्थिक सुधारको कार्यक्रम घोषणा गर्नुपर्दछ।

यसका लागि आवश्यक अर्को महत्त्वपूर्ण कुरा शासकीय सुधार हो। नियामक प्रक्रियालाई सरल बनाउन र अनावश्यक प्रशासनिक झन्झटहरू हटाउनका लागि बजेटमार्फत नयाँ चरणको शासकीय सुधारका कार्यक्रम घोषणा गर्नुपर्दछ। लगानीकर्ताहरूलाई उनीहरूको लगानी सुरक्षित गरिनेछ र कुनै पनि विवादहरू निष्पक्षरुपमा द्रुत ढङ्गबाट समाधान गरिने छ भन्ने विश्वास अहिले चाहिएको छ। न्यायिक प्रणालीको सुदृढीकरण र व्यावसायिक कानूनहरू स्पष्ट र निरन्तर रूपमा लागू हुने सुनिश्चित गर्नाले लगानीकर्ताको विश्वास बढ्छ। सरकारी सेवाहरूको दक्षता र प्रभावकारितामा सुधार गर्न सार्वजनिक क्षेत्र सुधारलाई यसले समेट्नुपर्छ। भ्रष्टाचार घटाउन, पारदर्शिता बढाउन र सार्वजनिक क्षेत्रको जवाफदेहिता सुधार गर्ने विषयलाई बजेटले सही ढङ्गले सम्बोधन गर्नुपर्दछ।

अर्को पक्ष भनेको करमा सुधार हो। करको आधारलाई फराकिलो बनाउने र कर सङ्कलनको प्रभावकारितामा सुधार गर्ने प्रयास जारी छ, तर अहिलेसम्म ठोस नतिजा आउन सकेको छैन। नेपालको वर्तमान कर प्रणालीलाई बढीभन्दा बढी करदातामैत्री, व्यवसायमैत्री र आधुनिक बनाउन हालको संरचनागत तथा कानुनी व्यवधानमुखी व्यवस्थाहरूलाई सुधार गर्नुपर्दछ। अहिले तीन तहका सरकार रहँदा र संविधानले नै तीन तहका कर असुल गर्ने अधिकारहरू बाँडफाँट गरी छुट्याइदिएको अवस्थामा अब विगतमा बनाइएका कानूनहरूलाई पनि सोही ढाँचामा सुधार गर्नुपर्ने अवस्था छ। प्रभावकारी र पारदर्शी कर प्रणालीले अनुपालनलाई प्रोत्साहित गर्दछ र करदाताहरूलाई बढी बोझ सृजना नगरी सरकारी राजस्व बढाउँछ। प्रगतिशील कर नीतिले लगानी र नवप्रवर्तनका लागि प्रोत्साहन गर्दछ र आर्थिक गतिविधिलाई गति दिन्छ। सुरक्षित र व्यावसायिक वातावरण सिर्जनाका लागि पनि कानूनी सुधारहरू गर्न आवश्यक छ।

त्यसैगरी अर्को विषय हो वित्तीय क्षेत्र सुधार। नेपालको वित्तीय प्रणालीले पछिल्लो समयमा निकै समस्या झेल्दै आएको छ। आर्थिक गतिविधिहरूको विस्तार, अर्थतन्त्रको विकास र आर्थिक क्रियाकलाप फस्टाउनका लागि आवश्यक पुँजीमा पहुँच सुनिश्चित गर्न आवश्यक छ। विशेषगरी साना तथा मझौला उद्योगका लागि ऋण उपलब्धता बढाउन बैंकिङ क्षेत्रको भूमिका महत्त्वपूर्ण छ। ऋण जोखिम मूल्याङ्कनमा सुधार गर्ने र ऋणदाताहरूको जोखिम कम गर्न ऋण सुनिश्चितता योजनाहरू लागू गर्ने जस्ता उपायहरूहरूको सुधार आवश्यक छ।

त्यस्तै व्यापार नीतिमा सुधारको पक्ष अहिलेको अर्को आवश्यकता हो भन्नेलाई लाग्दछ। नेपाल सन् २०२६ पछि अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुँदैछ। यस प्ररिपेक्षमा नेपाललाई विश्व अर्थतन्त्रमा थप प्रभावकारी रुपले समाहित गर्न व्यापार नीति सुधार आवश्यक छ। व्यापार अवरोधहरू घटाउन, भन्सार प्रक्रियालाई सरल बनाउन र नेपालले स्तरोन्नतिपछि गुमाउन सक्ने मुलुकहरूसँग गरिने द्विपक्षीय व्यापार सम्झौता वार्ताले निर्यात अवसर बढाउन र विदेशी लगानी आकर्षित गर्न सक्छ। यस्तो अवस्थामा नेपालले आफ्नो तुलनात्मक लाभको क्षेत्र पहिल्याउन र क्षेत्रीय तथा विश्वव्यापी मूल्य शृंखलाहरूमा पूर्णरूपमा सहभागी तुल्याउन अहिलेको व्यापार नीति पर्याप्त हुने छैन। नयाँ परिप्रेक्षमा विश्व व्यापार सङ्गठन (डब्लुटिओ)का प्रावधानहरू अनुसार नेपालले पाउने र गुमाउने क्षेत्रहरूबारे अध्ययन आवश्यक छ। निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था नेपाल उद्योग वाणिज्य महासङ्घ यसमा सरकारसँग सहकार्य र साझेदारीका लागि तत्पर छौँ।

यसर्थ, अर्थतन्त्रको बाह्य क्षेत्र सकारात्मक भए पनि मुलतः आन्तरिक मागमा आएको कमीका कारण देखिएको समस्या समाधान गरी दिगो र उच्च आर्थिक वृद्धि गर्नु बजेटको मुख्य उद्देश्य हुनुपर्छ। अर्थतन्त्र पुनःरुत्थान गर्न र औद्योगिक क्षमता अभिवृद्धि गर्न, चरणबद्ध सुधार योजना अघि सार्नुपर्दछ। मुलुकको अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत योगदान पुऱ्याइरहेको निजी क्षेत्रको सहभागितामा नयाँ चरणको आर्थिक पुनःसंरचनाको घोषणा गर्नुपर्छ।







लगानी सम्मेलन अघिको सुधारले यसलाई बाटो खुलेको छ र धेरै परिवर्तन सम्भव रहेको मैले देखेको छु।

अर्को एउटा विषय यो छ कि भूतप्रवाही कानूनले लगानीकर्तालाई जटिल बनाइदिएको छ। यसमा सुधारका लागि कार्यपालिका र न्यायपालिका दुबै पक्षबाट ठोस पहल हुनुपर्ने आवश्यकता छ। त्यसैले कम्तीमा पाँच वर्षको लागि प्रमुख नीति परिवर्तनमा रोक लगाएर स्थिर वातावरण सुनिश्चित गर्नुपर्छ। यसबाट स्वदेशी र विदेशी लगानीकर्ताहरुका लागि पनि समुचित वातावरण बन्नेछ भन्ने मलाई विश्वास छ।

आन्तरिक स्रोतको सीमिततासँगै वैदेशिक सहायतामा समेत कमी आइरहेको सन्दर्भमा स्वदेशी एवम् वैदेशिक लगानी र प्रविधि आकर्षित गर्न लगानी प्रवर्द्धन दशकका रुपमा आगामी वर्षदेखि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ। यस अन्तर्गत एकलविन्दु सेवाको प्रभावकारिता र थप नीतिगत सुधार आवश्यक हुनेछ। यसका साथै, मुलुकभर छरिएर रहेका साना लगानीकर्ताहरुलाई समेटी निजी क्षेत्र विशेषगरी नेपाल उद्योग वाणिज्य महासङ्घद्वारा प्रवर्द्धन गरिएको लगानी कम्पनीलाई प्रोत्साहनका लागि विशेष घोषणा गर्नुपर्ने पनि हाम्रो माग रहेको छ।



# अव्यवस्थित जीवनशैलीबाट लाग्ने रोग

हाम्रो अव्यवस्थित जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, थाइराइड, मिर्गौला रोग जस्ता रोग दिनप्रतिदिन बढ्दो रूपमा छन्। मधुमेह विश्वकै टाउको दुखाइ बनेको छ। भारतलाई त 'क्यापिटल सिटी अफ डाइबेटिज' भनिन्छ। त्यो अवस्था चाँडै हाम्रोमा नआउला भन्न सकिँदैन।

पहिलेपहिले विश्वमा क्यान्सरबाट धेरै मानिस ज्यान गुमाउँथे। अहिले मधुमेहबाट डराउनुपर्ने अवस्था छ। किनभने यो रोगका कारण हुने जटिलता मृत्यु त्यही अनुपातमा बढेको छ। मधुमेह बढ्नुमा ठ्याक्कै एउटा मात्र कारण हुँदैन। विशेषतः लामो समयसम्म रहिरहने तनावले मानिसहरूमा मधुमेह बढिरहेको छ। यति मात्र होइन, जतातत्तै भागदौड र प्रतिस्पर्धा छ। तर, पर्याप्त शारीरिक गतिविधि छैन। 'अफिस वर्क'का कारण शरीरलाई आवश्यक व्यायाम पुग्दैन। त्यसमाथि खानपानको 'सेड्युल' पनि हुँदैन।

कतिपयको बिहानैदेखि 'ड्युटी' हुन्छ। बाध्य भएर बाहिरको खाना खानुपर्छ। बाहिरको खाना घरमा बनाएजस्तो स्वस्थकर हुँदैन। रेस्टुँराको बढी चिल्लो र मसलायुक्त मात्र होइन कतिपय स्थानमा त अखाद्य वस्तु पनि मिसाइएका हुन्छन्। यस्ता भोजनले पनि मधुमेह र मोटोपनलाई बढावा दिइरहेको छ। जंक फुडले रोगलाई बढाउन मद्दत गरेको छ। लामो समयसम्म बाहिरको खाना खाँदा मोटोपन बढ्ने लगायत अनेक समस्या उत्पन्न हुन्छ।

विविध कारणले शरीरमा 'स्ट्रेस हर्मोन' उत्पन्न हुन्छ। यो हर्मोनले इन्सुलिनलाई काम गर्न दिँदैन। इन्सुलिनको काम कोषिकामा रगत पुऱ्याउनु हो। ग्लुकोजलाई शक्तिमा बदल्ने काम इन्सुलिनले गर्छ। तर, यो हर्मोनले काम गर्न दिँदैन। अर्थात् इन्सुलिनविरुद्ध काम गर्छ। यसले मधुमेह उत्पन्न गराउँछ। अव्यवस्थित जीवनशैली त छँदैछ।

मधुमेहका कारण उच्च रक्तचाप, मुटरोग, आँखामा समस्या, मिर्गौला रोग पनि बढिरहेको छ। किनकि मधुमेह धेरै रोगको कारक मानिन्छ। त्यसैले मधुमेह मात्र होइन शारीरिक र मानसिक दुःख निम्त्याउने जटिल रोग बढ्न नदिन नियमित शारीरिक व्यायाम गर्ने, सन्तुलित भोजन गर्ने, तनावमुक्त रहने गर्नुपर्छ।

यदि रोग लागिहाले नियन्त्रणका उपाय अपनाउनुपर्छ। त्यसका लागि आफ्नो चिकित्सकको सल्लाह लिनुपर्छ। विशेषज्ञको सल्लाह बमोजिम औषधि सेवन गर्ने हो भने मधुमेह सही घेरामा राख्न सकिन्छ। र अन्य रोगहरु लाग्नबाट पनि बच्न सकिन्छ। यी रोगहरुबाट बच्न जीवनशैली परिवर्तन जरुरी भइसकेको छ।



**प्राविधिक शिक्षामा आकर्षण** : झापाको घैलाडुब्बामा रहेको आदर्श विद्या मन्दिर माध्यमिक विद्यालय, यस विद्यालयमा कक्षा ९ देखि १२ सम्म सिभिल इञ्जिनियर पढाइ हुँदै आएको छ। यो झापाको पुरानो विद्यालय हो। **तस्वीर : विकास उप्रेती/पूर्वाञ्चल**

# 'केपी बा'सँग बालबालिका कार्यक्रम

**सुरुङ्गा, जेठ ७।** सुरुङ्गामा बासँग बालबालिका कार्यक्रम हुने भएको छ।

झापा जिल्ला बाल सञ्जालको आयोजना, कनकाई नगरपालिकाको मुख्य आर्थिक सहयोग, झापाका सम्पूर्ण पालिकाको सहयोग, आई. वाई. डायनामिक इन्टरनेशनलको समन्वयमा हुने कार्यक्रममा स्थानीय बाल सञ्जालको समन्वयमा १४ पालिका हरेकबाट प्रतिनिधिमूलक ३० बालबालिका र कनकाई नगरपालिकाबाट थप गरी जम्मा छ सयको सहभागिता रहने छ।

मंगलबार हुने कार्यक्रममा पूर्व प्रधानमन्त्री केपी ओलीका बालबालिका सम्बन्धी दूरदृष्टि वा भिजन सुन्ने, झापाका बालबालिकाका प्रतिनिधिमूलक आवाज, अपेक्षा र आवश्यकता केपी बालाई जानकारी गराउने, केपी बा र बालबालिकाका अनुभव तथा सिकाइ आदानप्रदान गर्ने, विगत, वर्तमान र भविष्यका नेपालका निर्णायक व्यक्ति रहेका केपीबाका विचार सुन्ने र पूर्वी नेपालको तेह्रथुममा जन्मेर झापामा हुर्की, बढी, पढी र जीवन सङ्घर्षमा अघि बढ्दै लोकप्रियताको शिखरमा पुगेका व्यक्तित्वसँग झापाली बालबालिकासँग साक्षात्कार गराउने उद्देश्यसहित विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिने बताइएको छ। बालबालिकाले पूर्व प्रम ओलीसँग आफ्ना समस्या र गुनासा राख्न पाउने छन्।




झापा जिल्ला बाल सञ्जालका अध्यक्ष अभिषेक मिश्रको अध्यक्षता र जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वनाथ बरालको प्रमुख आतिथ्यमा भएको पत्रका भेटघाटमा कार्यक्रम व्यवस्थापन समितिका सदस्य रवीन्द्र लम्साल, बाल कल्याण अधिकारी उमानाथ ढकाल लगायतले कार्यक्रमको महत्वमाथि प्रकाश पार्दै उठेका प्रश्नको जवाफ दिएका थिए।

कार्यक्रममा आयोजक समिति सदस्य अर्जुन उप्रेती, विजय पाठक, अनुप भट्टराई, कनकाई नगर बाल सञ्जाल अध्यक्ष अश्लेषा कँडेल लगायतको उपस्थिति रहेको थियो। पत्रकार भेटघाट कार्यक्रमको कनकाई सुरुङ्गा प्रेस क्लबका संस्थापक अध्यक्ष तीर्थराज खरेलले सहजीकरण गरेका थिए।

# चट्याङ लागेर ७२ भेडा मरे



**संखुवासभा, जेठ ७।** सङ्खुवासभाको सभापोखरी गाउँपालिका-५ फाकुवामा चट्याङ लागेर ७२ भेडा मरेका छन्।

जिल्ला प्रहरी कार्यालय सङ्खुवासभाका प्रहरी निरीक्षक रामकुमार लामिछानेले गत शनिबार रातिको समयमा परेको चट्याङ लागेर एकै गोठका ७२ वटा भेडा मरेका जानकारी दिए।

सभापोखरी गाउँपालिका उपाध्यक्ष लक्ष्मी चापागाईंले सभापोखरी-५ का सोमबहादुर लिम्बूको चार सय भेडामध्ये ७२ वटा भेडा मरेको जानकारी दिए। रातको समयमा हुरीसँगै असिना परेपछि रुखको फेदमा बसेका ती भेडा एकैठाउँ मरेको भेटिएको उपाध्यक्ष चापागाईंले बताए।

सभापोखरी गाउँपालिकाको माथिल्लो भेग नेपालको ताप्लेजुङ र चीनसँग जोडिएको छ। घटनास्थल सभापोखरी गाउँपालिकाको केन्द्र बाह्रबीसे बजारदेखि एक दिनको पैदल दूरीमा पर्दछ। सभापोखरी गाउँपालिकाको माथिल्लो भेगमा एकल र संयुक्त ६० भन्दा बढी भेडीगोठहरु छन्। क्षतिको विवरण सङ्कलन भइरहेको प्रहरीले जनाएको छ।

# हत्यामा संलग्न पक्राउ



**इटहरी, जेठ ७।** इटहरी उपमहानगरपालिका-७ मा एक युवकको हत्यामा संलग्न एक पुरुषलाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा ३३ वर्षीय उमेश चौधरी रहेका छन्। उनले खुकुरी प्रहार गरी इटहरी-७ का २८ वर्षीय भीम भनिने रामकुमार पण्डितको हत्या गरेको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ। इटहरी उपमहानगरपालिका ००१ ह ०३५ नम्बर सिटी सफारी र साइकल एकापसमा ठक्कर भएर दुर्घटना हुँदा सिटी चालक रहेका चौधरी र साइकलयात्री पण्डितबीच सामान्य विवाद भएको थियो।

उक्त विवादका क्रममा चौधरीले पण्डितलाई शरीरको विभिन्न भागमा खुकुरी प्रहार गर्दा पण्डितको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। घटनामा संलग्न चौधरीलाई इलाका प्रहरी कार्यालय इटहरीले नियन्त्रणमा लिएर सार्वजकि गरेको हो। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# युएईमा नेपालको पर्यटन र व्यापारका विषयमा चिन्तन

□ **रामप्रसाद ढुंगेल**

**झापा, जेठ ७।** नेपालको अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन, पर्यटन विकास र लगानी भित्र्याउने सन्दर्भमा युएईमा कार्यरत नेपालीहरुले के योगदान गर्न सक्छन् भन्ने विषयमा नेपाली दूतावास अबुधावीले पहल शुरु गरेको छ।

दूतावास परिसरमा आयोजित कार्यक्रममा युएईमा लामो समयदेखि व्यापार, पर्यटन र लगानीको क्षेत्रमा प्रत्यक्ष रूपमा काम गरिरहेका करिब ४५ जना नेपालीहरु सहभागी भएर आफ्नो अनुभव साटेका थिए।

कार्यक्रममा दूतावासका नियोग उपप्रमुख विशाल भट्टराईले नेपाल र यूएईबीचको व्यापार, लगानी र पर्यटन प्रवर्द्धन सम्बन्धी एक रिपोर्ट प्रस्तुत गरेका थिए। कार्यक्रममा उपस्थित व्यवसायीहरुले नेपालको व्यापार, लगानी र पर्यटनको क्षेत्रमा रहेका चुनौती र समाधानका उपायहरुवारे आ-आफ्ना विचार तथा सुझाव दिएका थिए।



कार्यक्रममा युएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीले सरकारले हालैका दिनहरुमा अबलम्बन गरेका नीति र कार्यक्रमहरुबारे जानकारी दिए। राजदूत क्षेत्रिले नेपालको व्यापार, लगानी र पर्यटनका क्षेत्रमा प्रचुर सम्भावनाहरु रहेकाले युएईमा लगानी गरेका नेपाली व्यावसायीहरुलाई आ-आफ्नो क्षेत्रबाट नेपालको समृद्धि र विकासमा सहयोग गर्न अनुरोध गरे।

नेपाल सरकारले गएको महिना मात्रै लगानी सम्मेलन गरेको र लगानी सम्मेलन मार्फत् अन्तर्राष्ट्रिय लगानी भित्र्याउन बाधक देखिएका भनिएका केही कानून अध्यादेश मार्फत संशोधन गर्ने निर्णय समेत गरेको थियो। कार्यक्रमको सञ्चालन दूतावासका श्रम काउन्सिलर दिनबन्धु सुवेदीले गरेका थिए।

यसैबीच भन्सार विभागको एक तथ्याक अनुसार युएईसँग दुई अर्ब ५० करोड ४६ लाख नौ हजार रुपैयाँ व्यापार घाटा छ। यही व्यापार घाटा अन्तरलाई न्यूनीकरण गर्न समेत यस्ता कार्यक्रम सहयोगी बन्ने दूतावासको बुझाई छ। नेपालको सबैभन्दा ठूलो व्यापार घाटा रहेका १० देश अन्तर्गत भारत, चीनसहित युएई छैठौं नम्बरमा छ।

नेपालको निर्यात व्यापारमा महत्वपूर्ण रहेका मुलुकहरु मध्ये भारत, अमेरिका, जर्मनी, युके, चीन, फ्रान्स, युएई, जापान, अष्ट्रेलिया, क्यानडा, इटाली टर्की, हङकङ (चीन) र डेनमार्क प्रमुखरुपमा रहेका छन्। नेपालको पैठारी व्यापारमा प्रमुख मुलुकहरुमा भारत, चीन, युएई, युक्रेन, मलेशिया, अष्ट्रेलिया, इण्डोनेशिया, मोरोक्को, जर्मनी, अमेरिका, ओमान, थाइलेण्ड, अर्जेन्टिना र फ्रान्स प्रमुखरुपमा रहेका छन्।

नेपालको व्यापार, लगानी र पर्यटनका क्षेत्रमा प्रचुर सम्भावनाहरु रहेकाले सबै नेपाली व्यावसायीहरुलाई आ-आफ्नो क्षेत्रबाट नेपालको समृद्धि र विकासमा सहयोग गर्न दूतावासले नेपाली व्यावसायीहरुलाई अनुरोध गरेको छ।

नेपालको आर्थिक बिकासका लागि यस्ता कार्यक्रमहरुले दीर्घकालीन रूपमा सकारात्मक सहयोग मिल्ने धारणा राख्दै सहभागी धेरैले दूतावासको पहलको लागि आभार व्यक्त गरेका थिए। दूतावासले पनि प्राप्त सुझावलाई लिखित रूपमा संकलन गरी सम्बन्धित मन्त्रालयमा पठाउने बताइएको छ।

# लागूऔषधबिरुद्ध साताव्यापी कार्यक्रम




**कानेपोखरी, जेठ ७।** मोरङको कानेपोखरी-६ मा 'लागू औषध दुर्व्यसनबिरुद्धको साताव्यापी सचेतनामूलक कार्यक्रम' शुरू भएको छ।

कानेपोखरी गाँउकार्यपालिकाको नीति तथा कार्यक्रम अन्तर्गत आदर्श समाज नेपाल कानेपोखरीको आयोजना र प्रहरी चौकी रमाइलोको सहकार्यमा सो कार्यक्रम शुरु भएको हो।

आदर्श समाज नेपाल कानेपोखरीका अध्यक्ष ओमप्रकाश कोइरालाको अध्यक्षता र कानेपोखरी गाउँपालिका उपाध्यक्ष भोला प्रसाद अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न भएको सो कार्यक्रममा वरिष्ठ अतिथि जिल्ला प्रहरी कार्यालय मोरङका कार्यालय प्रमुख प्रहरी उपरीक्षक नवराज कार्की, इलाका प्रहरी कार्यालय पथरीका प्रमुख प्रहरी नायव उपरीक्षक गणेश बहादुर श्रेष्ठ, आदर्श समाज नेपाल कानेपोखरीका पदाधिकारीहरु, विभिन्न वडाका वडाध्यक्षहरु, विद्यालयका प्रधानाध्यापक लगायत शिक्षकहरु, रमाइलो जेसीज, पथरी जेसीज लगायतका विभिन्न संघ-संस्थाका प्रमुख/प्रतिनिधीहरु, टोल सुधार समितिका पदाधिकारीहरू, भद्रभलादमी, बुद्धिजिवि सर्वसाधारण तथा एक सय ७५ भन्दा बढि विद्यार्थीहरुको उपस्थिती रहेको थियो।

कार्यक्रममा सहभागीलाई आसारा सुधार केन्द्र धरानका प्रशिक्षक टिकाराम सिग्देल एवम् प्रहरी चौकी रमाइलो मोरङका प्रमुख प्रहरी नायव निरीक्षक नारायणप्रसाद भट्टराईले सहजीकरण गरेका थिए।

# विद्यार्थीलाई शैक्षिक सामग्री

**दमक, जेठ ७।** दमक-५ स्थित सानो प्रयास युवा समाजले दमक-२, भालुखुडीस्थित सरस्वती आधारभूत विद्यालयका एक सय जना विद्यार्थीहरुलाई कापी-कलमसहित विभिन्न शैक्षिक सामग्रीहरु प्रदान गरेको छ।

कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्षले छवि खतिवडाले गरेका थिए भने दमक-२ का वडा अध्यक्ष प्रजापति सापकोटा प्रमुख अतिथि रहेका थिए। सामाजिक कार्य अन्तर्गत संस्थाले विद्यार्थीलाई कापी, पेन्सिल लगायतका शैक्षिक सामग्रीहरु वितरण गरिएको अध्यक्ष खतिवडाले बताए।

ती सामग्रीहरु दमक-५ कि जनप्रतिनिधि शोभा खतिवडा, डा. मनोज शाह, ओम शान्ति डेन्टलका सञ्चालक कमल गैरे तथा संस्थाका पदाधिकारी र विद्यालयका प्रधानाध्यापक लगायतले हस्तान्तरण गरेका थिए। समाजसेवा गर्ने उद्देश्यले कोरोना कालमा स्थापना गरिएको सानो प्रयास नामक यस संस्थाले कोरोनाकालमा समस्यामा परेकाहरुलाई खाना खुवाउने, मास्क र सेनिटाइजर वितरण गर्ने काम गरेको थियो।

साथै संस्थाले हरेक महिना कार्यक्रम गर्ने उद्देश्यसहित यसअघि दमक-९ मा अति विपन्न परिवारलाई झुल तथा शैक्षिक वितरण साथै अन्य विभिन्न सामाजिक कार्य गर्दै आएको संस्थाका अध्यक्ष खतिवडाले जानकारी दिए। कार्यक्रमको सञ्चालन संस्थाका सचिव बालचन्द्र कार्कीले गरेका थिए।


**बराल ट्याक्सी सर्भिस**

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | | सम्पर्क (चालक) | |
|---|---|---|---|
| दमकबाट | बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट | बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट | दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

**उच्च गुणस्तर सुलभ मूल्य**
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

**सम्पर्क :**
**९८०४९५४४००**
**९८६६२४२४६६**
**अर्जुनधारा नपा- ४, झापा**

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२**
**९८०१३६४०९३**

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*




सम्पर्क :

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन्।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, शुभ खबर सुन्न पाइने छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिनेछ। व्यापार-व्यवसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
आजा तपाईलाई यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ।